# वीरगंज महानगरपालिका ई-बुलेटिन

बर्ष १, अंक-५ २०७८ आश्विन ४ गते सोमबार/ नेपाल संवत् ११४१ / Monday, September-20, 2021 पृष्ठ ४


## वीरगञ्ज महानगरपालिकामा विकासको लहर, एक वर्षमा २ सय ५३ वटा नगर स्तरीय योजनाको काम सम्पन्न

वीरगञ्ज महानगरपालिकामा जनप्रतिनीधि आईसकेपछि विकास निर्माणको कामलाई तिव्रता दिएका छन् । विभिन्न योजना तथा आयोजनाका कामले गति लिएको छ भने स(साना योजना विकासका योजनाहरु पनि सयौंको संख्यामा सम्पन्न भएका छन् । भौतिक विकाससँगसँगे मानवीय विकासका काम पनि महानगरले सञ्चालन गरेको छ । महानगरले नगरबासीको हितका लागि आवश्यकताका आधारमा ३७ करोड २७ लाख ७९ हजार ९ सय ४३ रुपैयाँ बराबरको विभिन्न योजनाको काम सम्पन्न गरेको छ । आर्थिक वर्ष २०७७/७८ मा २ सय ५३ वटा नगरस्तरीय योजनाको काम सम्पन्न भएको महानगरपालिकाको सहरी पूर्वाधार विकास महाशाखाले जनाएको छ । महाशाखाका प्रमुख ईन्जिनियर राकेश साहका अनुसार महानगरका विभिन्न स्थानमा नगरस्तरीय योजनाबाट प्रभावकारी कामहरु भएका छन् । बजार क्षेत्र रहेका १६ वटा वडामा मात्रै नभएर ग्रामिण क्षेत्रका वडामा पनि महाशाखाले जनचाहना अनुसार जनसहभागीतामा विकास निर्माणका कामहरु गरेको उनले बताए ।

महाशाखाले दिएको विवरण अनुसार आर्थिक वर्ष २०७७/७८ मा वडा नं. २१ परवानीपुरमा लिपनी विर्तामा अर्वान इको पार्क, वडा नं. ७ मा हेल्थ पोष्ट, वडा नं. ८ स्वास्थ्य चौकी बनाईएको छ ।

महानगरभित्र दराज, महानगर. कार्यालय भवनको उत्तर तर्फ कम्पाउण्ड बाहिर प्रतिक्षालय, वडा नं. ८ रात्री स्कूलमा ल्याब र शाखा विस्तारका लागि मर्मतको काम सम्पन्न भएको छ । वीरगञ्ज महानगरपालिका कार्यालय भवनको लेखा शाखामा शौचालय, मिटिङ हल बनाईएको छ । वाड नं. २४ मा आत्माराम दुखा सहनीको स्मृति भवन विल्डिङ्ग र वाउण्डीवाल, वडा नं. १० किचेन निर्माण कार्य, वडा नं. १० बाल मन्दिरमा पेन्ट गर्ने कार्य, वडा नं. १३ भेटेनरी अस्पताल नजिक रहेको बहिरिग स्कूलको छत मर्मत र प्लास्टर, वडा



नं. २८ बगहीमा प्राथमिक स्वास्थ्य केन्द्रमा डाक्टर तथा नर्सहरुको लागि क्वाटर, वडा नं. ४ विर्ता स्थित नेपाल राष्ट्रिय प्राविको दोश्रो तल्लामा योग प्रवर्द्धन केन्द्र, वडा नं. १० आदर्शनगरमा पूर्वाधार विकास योजनाको गुणस्तर परिक्षणका लागि प्रयोगशाला बनेको छ ।

### घण्टाघरदेखि पावरहाउससम्म मुख्य सडक कालोपत्रे

वीरगञ्जको घण्टाघरदेखि पावर हाउससम्मको जीर्ण सडक मर्मतको काम पनि महानगरपालिकाले गरेको छ । घण्टाघरदेखि पावरहाउससम्म मुख्य सडकको पश्चिमतर्फको भाग कालोपत्रे गरिएको हो । सडकको १.८ किलोमिटर खण्ड जीर्ण अवस्थामा पुगेपछि वीरगञ्ज महानगरपालिकाले कालोपत्रे गरेको थियो । २ करोड ३ लाख रुपैयाँमा कालोपत्रे गर्ने ठेक्का सिद्धबाबा समा जेभी कन्स्ट्रक्सन पाएको थियो । ४५ दिनभित्र सक्नुपर्ने गरी निर्माण कम्पनी र महानगरपालिकाबीच सम्झौता भएकोमा कम्पनीले समयमै काम सम्पन्न गरेको थियो ।

मुख्य सडक संघ सरकारको जिम्मेवारीमा भएपनि खाल्डाखुल्डी पुर्नका लागि मात्रै महानगरपालिकाले वर्षेनी लाखौं खर्च गर्नुपरिरहेको छ । अघिल्लो आर्थिक वर्षमा घण्टाघरदेखि पावरहाउसम्मको सडक मर्मतमा १५ लाख खर्च भएको थियो ।

त्यस्तै वडा नं. १५ राजु कुमार आर्याको घरदेखि धेनुक साहको घरसम्म पक्कि नाला, वडा नं. १३ मा बिक्रम सिंहको घरदेखि हरिहर कुशवाहाको घरसम्म नाला तथा माटो पुर्ने काम, वडा नं. १३ राधेमाईमा बिनोद श्रीवास्तावको घरदेखि प्रलाद गिरीको घरसम्म आर.सि.सि. नाला तथा सडक, वडा नं. १४ नयाँ बस्ती पिपरामा छोतेलालको घरदेखि शम्भु पटेलको घरसम्म आर.सि.सि. नाला, वडा नं. १५ मा शुभलाभ पेट्रोल पम्पदेखि पूर्व ईनर भट्टको घरदेखि दायाँबायाँसम्म माटो ग्रेभल, वडा नं. १५ राजु नेपालीको घरदेखि पूर्व सोभर खनालको घरसम्म पक्की नाला तथा माटो ग्रेभल, वडा नं. १५ सुमन श्रेष्ठको जमिनदेखि पूर्व पिच रोडसम्म आर.सि.सि. रोड तथा नाला, वडा नं. १६ गजाधर, विद्याकोलालको घरदेखि सन्तोष ठाकुरको घर र वौधिमाईको गेट सम्म सडक ढलान, वडा नं. १६ फुलवारी टोल नगवा त्रिशुल चोक लिंक रोड देखि तारा बहादुर मगरको घरसम्म माटो पुरी ग्रेभल गर्ने काम सम्पन्न भएको छ ।

वडा नं. १९ विन्दवासिनीमा दलित बस्तीमा ग्रेभल सडक र आर.सि.सि. नाला निर्माण, वडा नं. २७ घुर्मी टोल राधाकृष्ण मन्दिरको अगाडी भेडाहा खोलामा ग्याबियन गर्ने (अल्या), वडा नं. ३ अन्तर्गत महानगर आधारभुत विद्यालय अधुरो भवन बनाउने कार्य, वडा नं. ३ कलिमा खातुनको घरदेखि ईमामुदीन मियाको मोजाहिर मियाको घरसम्म सडक तथा नाला, वडा नं. ४ प्रभु दयालको घरदेखि सुमन श्रेष्ठको घरसम्म सुमित्रा टिवडेवालको घरदेखि जयनारायणको घरसम्म सडक तथा नाला, वडा नं. ९ संजय चौधरीको घरदेखि उत्तर किशोर थापाको घरहुँदै प्रभु रौनियारको घरसम्म प्लोट तथा सडक ढलार्न, वडा नं. १२ सराजु औकिल्को घरदेखि दक्षिण हिरा रौनियारको घरसम्म सडक निर्माण संसोधन भई (वडा नं. ३१ लक्ष्मीपुर

बांकी तेश्रो पेजमा



## नगर प्रमुख सरावगीले भने : बालबालिकाको मनोविज्ञान बुझेर व्यवहार गर्नुस

वीरगञ्ज ।वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले बालबालिकाको मनोविज्ञान बुझेर व्यवहार गर्न आग्रह गरेका छन् ।

कोरोना महामारीले विद्यार्थीको सिकाईमा पारेको प्रभावलाई रोक्न नसकेपनि दुई वर्षमा गुमाएको कुरा प्राप्तीमा शिक्षक, अभिभावकले सहयोग गर्नुपर्ने उनको भनाई छ ।

सामुदायिक विद्यालयका शिक्षकहरुका लागि मनोसामाजिक सहयोग सम्बन्धि दुई दिने पूर्नताजगी तालिमको शुक्रबार उद्घाटन गर्दै उनले विद्यार्थीको मनोविज्ञानलाई ध्यानमा राखेर व्यवहार गर्न शिक्षकलाई आग्रह गरे ।

'विद्याललयमा बालबालिका साथीहरुसँग जिस्केर, खेलेर बसिरहेका हुन्छन्, तर लामो समय घरमा बस्नुपर्दा उनीहरुको मनोसामाजिक विकास हुन पाएको छैन ।' नगर प्रमुख सरावगीले भने 'कतिपय बालबालिका डिप्रेसनमा होलान, कतिपयले पहिला भन्दा अर्कै व्यवहार देखाईरहेका होलान, शिक्षकले मनस्थिति बुझेर व्यवहार गर्नुपर्छ ।'

उनले कोरोना महामारीले गर्दा बालबालिकाको जीवन ट्र्याक भन्दा बाहिर गएको बताएका छन् । उनले दुई वर्षमा बालबालिका पढाईमा निकै कमजोर भएको र नियमित विकास अवरुद्ध हुन पुगेको बताए ।

'विद्यालयले ४ जीपीए दिएको छ तर सिकाई त्यो अनुसार हुन सकेको छैन, त्यसले गर्दा विद्यार्थीले प्रतिश्पर्धा गर्न सक्दैन ।' उनले भने 'झन उनीहरु मानसिक तनावमा पर्छन, दुई वर्षको ड्यामेजलाई रिफ्रेसिङ कोर्ष मार्फत पुरा गर्नुपर्छ । बालबालिकाको जीवनलाई ट्र्याकमा ल्याउनुपर्छ ।'

युनिसेफको सहयोगमा बहुसाँस्कृतिक मनोसामाजिक संस्था (टीपीओ) नेपालले वीरगञ्ज महानगरपालिकासँगको सहकार्यमा तालिम कार्यक्रमको आयोजना गरेको हो । महानगरपालिकाको दुई स्थानमा चलिरहेको तालिममा ४० जना शिक्षक शिक्षिका सहभागी छन् । सामाजिक संस्था जिल्ला समन्वय समिति पर्साको सभाहलमा आयोजित तालिम उद्घाटन कार्यक्रममा शिक्षा महाशाखा प्रमुख अरबिन्द लाल कर्ण, अधिकृत हरि राउत लगयत सहभागी भएका थिए ।

दुई दिन चलेको तालिमामा सहभागीलाई मनोसामाजिक अवधारणा,

बांकी दोश्रो पेजमा




## वीरगञ्जमा विद्यालयको 'आकस्मिक अनुगमन'

वीरगञ्ज । २९ भदौंमा वीरगञ्ज महानगरपालिका शैक्षिक प्रशासन महाशाखाको टोली आकस्मिक विद्यालय अनुगमनका लागि वीरगञ्ज( १७ अलौं स्थित श्रीमान टोला प्रावि पुग्यो । बिहान ११ बजे नै विद्यार्थीहरु घर तिर लागिरहेका थिए । विद्यार्थीलाई बोलाएर सोध्दा शिक्षक कोहि छैनन त्यसैले पढाई भएन भन्ने जवाफ आयो । शैक्षिक प्रशासन महाशाखा प्रमुख अरबिन्दलाल कर्ण सहितको टोली विद्यालय पुग्दा एक जना शिक्षक र कार्यालय सहयोगी मात्रै रहेछन् । भएका एक जना शिक्षक पनि मोबाईल फोनमा व्यस्त । विद्यालयको भवनहरु पनि संरक्षण नभएको पाईएको प्रमुख कर्ण बताउँछन् । 'विद्यालयमा दुई/दुई कोठा भएका तीन वटा भवन



छन् । तर संरक्षको अभाव देखिएको छ ।' उनले भने ' एउटा भवन कामै नलाग्नेगरि जीर्ण नै रहेछ, अर्को भवन काम लाग्ने छ तर झ्याल ढोका नै रहेनछ, एउटा भवनका दुई वटा काम लाग्ने त्यसमा पनि एउटामा ईट्टा राखिएको रहेछ ।'प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई बोलाउँदा नआएपछि शैक्षिक प्रशासन महाशाखाले लिखित स्पष्टिकरण सोधेको छ । विद्यालयको खाता रोक्का गरेर स्पष्टिकरण सोधिएको प्रमुख कर्ण बताउँछन् । मनियारी स्थित आधारभूत विद्यालयमा भौतिक सूविधा राम्रो र प्रयाप्त शिक्षक दरबन्दी भएपनि अध्यापन राम्रो नभएकोले विद्यार्थी संख्या कम देखिएको शैक्षिक प्रशासन महाशाखाले जनाएको छ । अनुगमनका क्रममा ४ कक्षाका विद्यार्थीले एबीसीडी पढ्न नसकेको शैक्षिक महाशाखा प्रमुख कर्ण बताउँछन् । नेपाल राष्ट्रिय आधारभूत विद्यालय बर्वा गोग

बांकी दोश्रो पेजमा

## सम्पादकीय

# फोहोरलाई मोहोरमा परिणत गरौ

४ वर्षअघि वीरगञ्जको मुख्य प्रवेशद्वार शंकराचार्य गेट आसपासको क्षेत्र निकै दुर्घन्धित थियो । आर्थिक नगरीको पहिचान बनाएको वीरगञ्ज महानगरलाई 'गेट वे अफ नेपाल' भनेर पनि चिनिन्छ । त्यसबखत नाकामा नाक छोपेरै आवत जावत गर्नुपर्ने बाध्यता थियो । नाकामा नै फोहोर नै डम्पिङ गर्ने गरिएको थियो । अहिले त्यो ठाउँ निकै सुध्रिएको छ । पहिले नाक थुनेर हिँड्ने ठाउँमा अहिले त मानिसहरु गएर टिकटक बनाउँछन् । घरको ढोका सफा राख्ने संस्कृतिमा हुर्केका हामीले देशको मुख्य प्रवेशद्वार नै फोहोर राखिरहेका थियौं । सबैको सकारात्मक प्रयासपछि त्यो ठाउं हेर्न लायकको भएको छ । कमी कमजोरी होलान, तर जनप्रतिनीधिको आगमनपछि वीरगञ्जको सरसफाईमा निकै सुधार आएको छ । सार्वजनिक नीजि साझेदारी अवधारणा अर्न्तगत फोहोर उठाउने जिम्मा निजी क्षेत्रले लिएको छ । उसले पनि सकेको प्रयास गरि नै रहेको छ ।

सरसफाईमा अझै सोचे अनुसार प्रगति हुन सकेको छैन । भने त्यो कमजोरी नागरिकस्तरमा नै देखिन्छ । नगरबासीमा फोहोर फाल्ने प्रवृत्तिमा परिवर्तन आउन सकेको छैन । फोहोर उठाएर गईसकेपछि नाला छेउमा फोहोर राख्ने प्रवृत्ति अझै कायम छ । ठेला वाला सिठ्ठी बजाउँदै घर घरमा फोहोर लिन आउँछ । तरपनि मानिसहरु पछि फोहोर फालिदिन्छन् । दिनभरी व्यापार गरेर साँझ सडकमा फोहोर फालेर घर जाने चलन यथावत नै छ । फोहोर मैला प्रशोधनका लागि 'ल्याण्डफिल्ड साइट' बनाईएको छ । घरबाट फोहोर दिँदा कुहिने र नकुहिने छुट्याएर दिनुपर्छ । तर वीरगञ्ज बासीले त्यसरी छुट्याएर दिने गरेका छैनन् । फोहोर प्रशोधन केन्द्रमा लगेर छुट्याउनुपर्छ । प्रशोधन केन्द्रमा कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउने गरिएको छ । हाल ल्याण्डफिल्ड साईटबाट महानगरलाई कुनै आम्दानी छैन, किनकी पूर्ण रुपमा व्यवस्थित हुन सकेको छैन । कुहिने फोहोरबाट मल बनाएर बिक्रि गर्ने तयारी भईरहेको छ । नकुहिने फोहोर त त्यसैपनि बिक्रि हुन्छ, नगरबासीले नै जम्मा गरेर त्यसलाई बिक्रि गर्न सक्छन् । नकुहिने फोहोरमा प्लाष्टिक, कार्टुन, फलाम, सिसि, बोतल हुन्छन् । बजारको फोहोरको व्यवस्थापन राम्रोसँग गर्ने हो भने वर्षका ४ दे खि ५ करोड आम्दानी महानगरले लिन सक्छ । जनप्रतिनीधि नहुँदा फोहोर मैला व्यवस्थापन राम्रोसँग हुन सकेन । छाडा प्रवृत्ति देखियो । जसले जहाँ पायो त्यहि फालिदिने प्रवृत्ति देखियो । वीरगञ्जमा जनप्रतिनीधि आउनुअघि ल्याण्ड फिल्ड साईटको अवस्था एकदमै नराम्रो थियो । अब महानगरले एसटीपी प्लान्ट र ल्याण्डफिल्ड साईटबाट निस्कने कुहिने फोहोरका लागि बायो ग्यास प्लान्ट लगाउने गरि तयारी गरिरहेको छ । यसबाट पनि आम्दानी हुन्छ । हामी कहाँ प्लाष्टिकको पनि समस्या छ । प्लाष्टिक ब्याण्ड गरेपनि जनस्तरबाट अवज्ञा भईरहेको छ । प्लाष्टिक जीवनको अंग जस्तै भईसकेको छ । प्लाष्टिक जन्य फोहोर, फलाम, सिसिबोतल लगयत नकुहिने फोहोरबाट मोहोर कमाउन सकिन्छ । महानगरको प्रयासले मात्रै फोहोरबाट मोहोर बनाउने सपना साकार गर्न मुश्किल छ । त्यसका लागि नगरबासीले महानगरपालिकालाई साथ दिनुपर्छ ।

# काउली खेती बारे जान्नै पर्ने आधारभूत कुरा



उर्मिला श्रेष्ठ कृषि अधिकृत

अंग्रेजी नाम : Cauliflower
वैज्ञानिक नाम : Brassica Oleracia var botrytis
प्रजाति : Brassicaceae

काउली बालीलाई कड पनि भनिन्छ यस तरकारीमा प्रशस्त मात्रामा कार्वोहाइड्रेट, खनिज पदार्थ, भिटामिनहरु, प्रोटिन आदि तत्वहरु पाइन्छ । काउलीमा ग्लुकोसिनोलेट नामक पदार्थ पाइन्छ जसमा क्यान्सरको प्रतिरोध गर्ने गुण हुन्छ ।

### हावापनी र माटो

### हावापानी

धेरै किसिमको हावापानी भएका स्थानहरुमा काउलीको खेती गर्न सकिन्छ । शितल र ओसिलो मौसममा काउलीले उच्च गुणस्तरका फूलकोपी उत्पादन गर्दछ । काउलीको पात तुषारो सहन सक्दछन् तर कोपीले भने तुषारो सहन सक्दैन । काउली वालीलाई १०(२५ डि.से. तापक्रम उपयुक्त हुन्छ । फुलकोपीलाई कम आद्रता तथा सुख्खा मोसममा समेत खेती गर्न सकिन्छ ।

### माटो

Organic matter प्रशस्त भएको निकासको सुविधा भएको मलिलो दोमट माटो र पीएच ६.० देखि ७.० सम्म भएको माटो उपयुक्त हुन्छ । काउलीलाई प्राय सबै किसिमका माटोमा खेती गर्न सकिन्छ ।

यद्यपी काउलीको अगौटे जातलाई बलौटे दोमट, दोमट र पछौटेलाई दोमट वा चिम्टे दोमट माटो उपयुक्त हुन्छ ।

If the soil PH is below 5.5 liming @ 5-10 quintal / ha should be done

काउलीको अगौटे बालीको बेर्ना तयारीका लागि साउनमा शुरु गर्नुपर्दछ जस्तै पुषा कार्तिकी, सर्लाही, दिपाली, मध्यम मौसमी, भदौ पहिलो हप्ता, जस्तै काठमाण्डौं स्थानीय

### जमिनको तयारी

बेर्ना सार्नुभन्दा एक महिना अगाडी कुहिएको कम्पोष्टमल राखी गहिरो गरी माटो पल्टाएर जोत्नुपर्दछ ।

डल्ला फोर्ने, झारपात र अघिल्लो बालीका अवशेषहरु हटाई राम्ररी जोत्नु पर्दछ । रासायनिक मल बेर्ना सार्नु भन्दा एक हप्ता अगाडी छरेर जोत्नु पर्दछ ।

मल खादको मात्रा : युरिया ४.५ के.जी. प्रति कठ्ठा
डीएपी ८ के.जी. प्रति कठा
एमओपी २.५ के.जी. प्रति कठा
कम्पोष्ट १०० के.जी. प्रति कठा



### काउलीका जातको किसिम र हावापानी क्षेत्र अनुसार बेर्ना सार्ने र वाली लिने

| भौगोलिक क्षेत्र | जातको किसिम | बेर्ना सार्ने समय | बाली लिने समय |
|---|---|---|---|
| तराई | अगौटे | असार(साउन | असोज(कात्तिक |
| | मध्यम मौसमी | असोज/कात्तिक | पुस(माघ |
| | पछौट | कात्तिक(मंसिर | माघ(फागुन |

### सिंचाई

बेर्ना सारेपछि तुरन्तै हल्का सिंचाइ गर्नुपर्दछ । बेर्ना सारेको ७(१० दिनसम्म मौसम हेरेर दिनहुँ एक दिनको अन्तरमा सिंचाई गर्नुपर्दछ । काउली समूहको जरा गहिरो जाँदैन । तलको चिस्यान जराले तान्न सक्दैनन् ।

अर्कोतर्फ बोटले प्रभावकारी ढंगले चिस्यानको उपयोग गर्दैन । तसर्थ पर्याप्त चिस्यान हुनुपर्दछ । सिंचाइ ५(१० दिनको वा माटोको अवस्था हेरी सिंचाई गर्नु पर्दछ । बढी पानी भएमा पानी निस्कन निकासको व्यवस्था पनि राम्रोसँग गर्नुपर्दछ ।

### गोडमेल

बेर्ना सोको ३०(३५ दिनसम्म झारले बढी दुःख दिन्छ । जमिनको सतहको थोरै गहिराईको माटो कुटो वा कोदालोले खनेर झार हटाउने र माटा खुकुलो पार्नु पर्दछ । यस्तो गोडमेल बोट देखि ५(६ से.मी. पर र ५(६ से.मी. गहिराईसम्म गर्न सकिन्छ । पहिलो र दोश्रो थप मल (तयउ मचभककष्लन ) बोटको वरिपरी औंठी आकारको कुलेसोमा दिइन्छ । थप मल दिएपछि हल्का उकेरा दिनुपर्दछ ।

### बाली भित्र्याउने, बाली लिन

बाली पुरा बढेका र कसिला फूलकोपीको ठिक तल्लो भागमा लाग्ने हसिंया वा चक्कुले काटेर बाली लिनुपर्दछ । काउली बिहानको शीत ओभाएर बोट ठण्डा धेरै वा सांझपख ठण्डा भएपछि उपयुक्त हुन्छ । टिपेको काउली घाममा राख्नु हुँदैन । घाम लागेको बेलामा टिपे कोपी तुरन्तै ओइलाउँछ

### उत्पादन:

अगौटे जातको काउलीको उत्पादन ४००(५०० के.जी. प्रति कठा हुन्छ । मध्यम र ढिलो जातको काउली ७००





के.जी प्रति कठा हुन्छ ।

### रोग किरा

१.बन्दाको पुतली : पातमा प्वालै प्वाल भेटिन्छ प्रकोप बढी भएमा सम्पूर्ण पातहरु खाईदिन्छन् ।

व्यवस्थापन: पुतलीहरुलाई हाते जालीले पक्रेर नष्ट गर्ने

प्रकोप बढेमा क्लोरोपिरिफोस chloropiriphos _ ७६ ईसी भ्ऋ (नुभान) १ मि.लि. प्रति लिटर पानीमा मिसाई स्प्रे गर्ने

२.इटबुटे पुतली : पातहरुको भाग खाइदिनाले पातहरु हरियो झिल्ली जस्तो बन्छ प्रकोप बढी भएमा सम्पूर्ण पातहरु नष्ट भई बढन सक्दैन







व्यवस्थापन: पुतलीहरुलाई हाते जालीले पक्रेर नष्ट गर्ने

प्रकोप बढेमा क्लोरोपिरिफोस ( chloropiriphos ) ७६ इसी ( नुभान) १ मि.लि. प्रति लिटर पानीमा मिसाई स्प्रे गर्ने कृषि अधिकृत श्रेष्ठ, वीरगञ्ज महानगरपालिकामा कृषि शाखा प्रमुखको रुपमा कार्यरत छिन् ।

## नगर प्रमुख.....

कसरी बालबालिका तथा किशोर किशोरीमा देखिने मनोसामाजिक समस्याको पहिचान गर्ने ? आधारभूत परामर्श कसरी दिने ? विद्यालयमा लैंगिक मैत्री वातावरण कसरी बनाउने ? र बालबालिका तथा किशोर किशोरीलाई थप परामर्शका कहाँ सिफारिस गर्ने ? लगायतका आवश्यक सीपहरु सिकाईएको कार्यक्रम सुपरभाईजर राजेश पौडेलले जानकारी दिए ।

' कोभिड (१९ पछि विद्यालयमा फर्कदा बालबालिकाले कस्ता चुनौतिको सामना गर्नुपर्ने हुन्छ, त्यसको सामना कसरी गर्न सकिन्छ । ' उनले भने ' किशोर किशोरीमा देखिने मानोसामाजिक समस्या पहिचान कसरी गर्ने र उनीहरुलाई कसरी परामर्श दिने भन्ने बारेमा सिकाउँछौं ।'

विश्वमा १० देखि २० प्रतिशत बालबालिका तथा किशोर किशोरीहरुमा मानसिक स्वास्थ्य समस्या देखिने विभिन्न अध्ययनले देखाएको छ । जसमध्ये आधामा १४ वर्षको उमेरसम्ममा मानोसामाजिक समस्या शुरु हुने र तीन चौथाईमा २५ वर्ष उमेरमा समस्या शुरु भईसक्ने गरेको छ । नेपालमा ४० प्रतिशत १८ वर्ष भन्दा मुनीकामा बालबालिका तथा किशोर किशोरीमा मनोसामाजिक समस्या देखिने गरेको बालबालिका तथा किशोरकिशोरीको मानसिक स्वास्थ्य समस्याका बारेमा गरिएको एक अध्ययनको तथ्याङक छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार २० देखि ३० लाख बालबालिका तथा किशोरकिशोरीहरुमा कुनै न कुनै प्रकारको मानसिक समस्या रहेको अनुमान छ ।

मनोविमर्शकर्ता सुजाता शर्माका अनुसार शुरुवाती चरणमा विद्यालयका सत्रहरु छोटो बनाउने, मनोरञ्जनात्मक क्रियाकलाप बढी गर्ने, थोरै गृहकार्य दिने, सकारात्मक अभिप्रेरणा दिने, प्रशंसा गर्ने जस्ता कार्य गर्दा बालबालिका तथा किशोर किशोरीहरु विद्यालयमा रमाउने वातावरण तयार हुन्छ । शिक्षकले त्यसमा ध्यान दिनुपर्ने उनी बताउँछिन् ।

## आकस्मिक......

३ मा अनुगमन टोली पुगेपछि प्रधानाध्यापक विद्यालय खोल्न आईपुगेका थिए । वीरगञ्जमा कोरोना महामारीका कारण लामो समय बन्द रहेका विद्यालय खुलेका छन् ।

महामारीको समयमा संरक्षण नगर्दा अधिकांश विद्यालयको भौतिक अवस्था नराम्ररी विग्रिएको स्थानीयले बताएका छन् ।

स्रोत साधन कम हुँदा पनि विद्यालय राम्रो शैक्षिक प्रशासन महाशाखाका अनुसार आधा दर्जन भन्दा बढी विद्यालयको अनुगमनको क्रममा कतिपय विद्यालयले स्रोत साधनको अभावमा पनि राम्रो काम गरेको पाईएको छ ।

विन्दवासिनी प्रावि वर्वा गोग १ को विद्यालय भवन मर्मत संभार भईरहेको छ । ३ वटा कोठा प्रयोग गर्न नपाएको अवस्था छ । तैपनि विद्यालय व्यवस्थित रुपमा सञ्चालनमा रहेको पाईएको शैक्षिक प्रशासन महाशाखा प्रमुख कर्ण बताउँछन् ।

शैक्षिक प्रशासन महाशाखाले आधारभूत विद्यालय ईटियाही, आधारभूत विद्यालय जगरनाथपुर लगायत ६ वटा विद्यालयको आकस्मिक स्थलगत अनुगमन गरिसकेको छ । जगरनाथपुरको विद्यालयमा शिक्षक कम भएपनि अध्यापन र भौतिक सुधार राम्रो देखिएको छ । कक्षा ८ सम्म पढाई हुने विद्यालयमा निमावि दरबन्दी एउटा मात्रै छ । तैपनि खानेपानी, शौचालयको राम्रो व्यवस्था गरिएको, सिसिटिभी पनि सञ्चालनमा रहेको र विद्यार्थीको राम्रो उपस्थिति देखिएको 'आकस्मिक अनुगमन' टोलीले जनाएको छ । बिहान १/डेढ घण्टाको समय विद्यालय अनुगमनमा खर्च गर्ने नीति आफूले लिएको शैक्षिक महाशाखा प्रमुख कर्णले बताए ।

' विद्यालयको वास्तविक स्थिति पत्ता लागोस भन्ने उद्देश्यले थाहै नदिईकन अनुगमनमा निस्कने गरेका छौं ।' उनले भने ' विद्यालय सञ्चालनमा रहे नरहेको, शिक्षक विद्यार्थीको उपस्थिति र भौतिक अवस्थाको बारेमा हेर्ने गरेका छौं ।'शैक्षिक महाशाखामा कार्यरत अन्य कर्मचारीलाई पनि बेलुका १ घण्टा विद्यालय निरीक्षणमा निस्कन निर्देशन दिईसकेको बताए ।

' बिहान म आफैं आकस्मिक अनुगमनमा निस्कने गरेको छु, बेलुकातिर कर्मचारी साथीहरुलाई जान भनिसकेको छु ।' उनले भने ' शैक्षिक प्रशासन महाशाखामा दरबन्दी अनुसारको अधिकृत कर्मचारी नहुँदा सोचे अनुसार काम गर्न सकेका छैनौं ।'

"करमा प्राप्त छुटको फाईदा उठाई समयमै कर तिरौं, जरिवानाबाट बचौं" "बीरगञ्ज नगरलाई समृद्ध बनाऔं"

## वीरगञ्ज..........

टोलमा कल्भर्ट निर्माण, वडा नं. १० साह नरसिंह होम देखि पूर्व टाउन हल एरियामा सडक तथा नाला, वडा नं. ११ दुर्गा मन्दिर पूर्व सीमाको घरसम्म सडक, वडा नं. ११ दिपेन्द्र चौरसियाको घरदेखि उत्तर नाला तथा सडक, वडा नं. ११ मा झाफ पुल हुंदै सुदामाको घरदेखि रन्जना देवीको घरहुँदै गोपालको घरसम्म नाला बनाईएको छ ।

वडा नं. १३ मा राधेश्याम चौधरीको घरदेखि पूर्व हरि प्रसादको घर भई संजय चौधरीको घरसम्म नाला तथा माटो पुर्ने, वडा नं. २८ साविक वडा नं. २ गेनालाल राउत कुर्मीको घरदेखि पूर्व प्रमोद र नागेन्द्रको घरसम्म, वडा नं.२९ बसडिल्वा टोल श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय अगाडी स्कूल नजिक आर.सी.सी. नाला, वडा नं. २९ बसडिल्वामा कल्भर्ट, वडा नं. ३० नदि नियन्त्रण, वडा नं. ३० भेडाहा खोला नदि नियन्त्रण कार्य, वडा नं. २७ रामपुर टोलको फंठि खोलामा नदि नियन्त्रण (हर्दिया फारमको नजिक), जिल्ला समन्वय समिति कार्यालयको नजिक सार्वजनिक शौचालय जडान, वडा नं. १० पुरानो बसपार्क भित्र शौचालय जडान भएको छ ।ह्युम पाईप खरिद तथा माटो ग्रेभल बाट सडक मर्मत, वडा नं. २७ कुहडी टोलमा खोप केन्द्र निर्माण, महानगर अन्तर्गत ट्राफिक चिन्ह जडित होडिङ्ग बोर्ड जडान, टावर लाईट जडान (वडा नं. २६ सुगौली विर्ता, वडा नं. २७ उदयपुर घुर्मी, र वडा नं. २८ बगही लगायत विभिन्न ठाउँमा टावर लाइट जडान, प्रहरी समुदाय साझेदारी कार्यक्रम ( वडा नं. १ स्थित प्रहरी चौकीमा वाउन्ड्रीवाल, वडा नं. १८ ईनर्वा टोलमा पोखरीको डिलमा छठघाट र बीचमा मन्दिर बनाउने, वडा नं. २८ मा बुढियामाई मन्दिरको पश्चिम दक्षिणको कुनामा पर्ने भेडाहा खोलामा ग्याबियन, वीरगञ्ज महानगर परिसर भित्र रहेको बोर्ड हल र वाटर सप्लाई युनिट रुम, सेनिटेशन स्टोर रुमको शौचालयको रिनोभेसन, फ्लोरिंग पेन्टिङ्ग र छत मर्मत गर्ने काम सम्पन्न भएका छन् ।

वडा नं. १७ अलौं कब्रस्तानमा माटो पुर्ने, वडा नं. ३१ मा नदि नियन्त्रण, वडा नं. १३ मुडली मालदिप टोलमा ग्रेभल सडक तथा नाला, वडा नं. २७ उदयपुरघुर्मी टोलमा रामपुर नहरदेखि हर्दिया फारम तिर जाने बाटो, वडा नं. १५ कैलाश प्रजापतिको घरदेखि किरण मानन्धरको घरसम्म रिटेनिङ्ग वाल र आर.सि.सि. सडक, वडा नं. १४ मा डा.सोभेन्द्र लाल कर्णको घरदेखि उत्तर घनश्याम मिश्राको घरसम्म नाला र सडक, वडा नं. १३ तेजारथ टोलमा शेड, वडा नं. ११ मा विपिन कुशवाहको घरहुँदै आर.के. पटेल घरदेखि सोनालाल कलवारको घरसम्म सडक तथा आर.सि.सि. नाला निर्माण, वडा नं. १० पुरानो बसपार्कमा लाईङ इन्टरलकिङ पेभरर्स, वडा नं. ३० मा नदि नियन्त्रण, वडा नं. २८ मा बाँध निर्माण, वडा नं. ३२ वदन नगर चौकमा रहेको रामजानकी मन्दिरको किनारामा नदि नियन्त्रण, वडा नं. ३१ पिच रोड देखि ड्याम सम्म माटो ग्रेभल, वडा नं. १३ मा वली साहको घरदेखि पुनी लालको घरहुँदै कवाडदेखि जिसुनको घरहुँदै मयानन्द यादवको घरसम्म र उत्तम लामाको घरदेखि गोपाल साहको घरसम्म पि.सि.सि. सडक बनेको महाशाखाले जनाएको छ ।वडा नं. ३२ चोर्नीमा जगदम्बा फैक्टरी नजिक पुलदेखि उत्तर खोला तर्फको सडक, वडा नं. १३ प्रदिप यादवको घरदेखि पूर्व सडक तथा नाला, वडा नं. २९ मुसैलीदेखि बसडिल्वा जाने बाटोमा कल्भर्ट, वीरगञ्ज महानगरपालिका कार्यालय हाता भित्र दराज निर्माण, अफिस कोठा तथा सेड हाउस, वडा नं. १० वीरगञ्ज महानगरपालिकाको विल्डिङ्ग मर्मत सम्भार, वडा नं. १० मा खेलकुद विकास समिति दक्षिण पश्चिम कुनामा शौचालय र सटर रुम निर्माण, वडा नं. १५ भेडियाहीमा कब्रिस्तान तथा शवदाह स्थल, वडा नं. १ छपकैया समसान घाट बनाउने कार्य, वडा नं. १० आदर्शनगर वी.म.न.पा.का. अन्तर्गत कार्यालय परिषर भित्र योजना शाखा तर्फ नवनिर्मित भवनको अधुरो निर्माण, वडा नं. १२ मा जिल्ला प्रहरी कार्यालय भित्र डग क्यानल, वडा नं. १२ सराजु औकिल्को घरदेखि हिरा रौनियारको घरसम्म सडक, सोही वडामा देवान महतोको घरदेखि रमेश मनान्धरको घरसम्म आर.सि.सि. नाला, वडा नं. १२ मा विन्दा प्रसाद जयसवालको घरनिर पक्की नाला, वडा नं. १ र २ को साधमा विक्रम महतोको घरदेखि मन्टोस राउतको घरसम्म र अस्लम हवारीको घरदेखि रोशन मान सिंहको घरसम्म सडक तथा नाला, वडा नं. १३ राधेमाईमा राजकुमार यादवको घरदेखि सुधिरनाथ पाण्डेको घरसम्म आर.सि.सि. नाला, सडक, वडा नं. २ निर्मल कुमारको घरदेखि कालोपत्र सडक हुँदै आनन्द मोहन सहायको घर र डा. के.एम. सिंहको घरदेखि मेन सडकसम्म नाला तथा कंकृट सडक, वडा नं. १५ भिस्वामा माटो पुरी ग्रेभल, वडा नं. १५ बसर्पाक पछाडी पिच रोड देखि सिताराम रौनियारको घरसम्म आर.सि.सि. नाला र पि.सि.सि. सडक, वडा नं. १५ मा शेखर थापाको घरदेखि उत्तर विरेन्द्र यादवको घरसम्म पक्कि नाला, वडा नं. १३ पदम रोड देखि उत्तर हरि शंकर पटेलको घरहुंदै पूर्व मिनु देविको घरसम्म आर.सि.सि. नाला तथा कंकृट सडक, वडा नं. ३ असिया खातुनको घरदेखि रफिया खातुनको घरसम्म र हैदर अंसारीको घरदेखि मेनरोड सम्म सडक तथा नाला, वडा नं. १ श्रीर्सिया पुल नजिक पृत्री दर्पण गर्ने पिपल बोटमा चौतारा, वडा नं. २५ मौजे टोलदेखि नदि टोलसम्म ग्रेभल सडक, वडा नं. १० मा शिव प्रसाद गुप्ताको घरदेखि रामचन्द्र साह तेलीको घरसम्म सडक ढलान, वडा नं. ३१ कर्मा टोलमा सडक तथा नाला बनाईएको छ ।

वाड नं. २४ नयाँ बसती रामगढवा, आनन्द पटेलको घरदेखि उत्तर पश्चिम हुंदै राजेश साह कलवारको घरसम्म माटो पुरी ग्रेभल, वाड नं. १३ सैयाद अन्सारीको घरदेखि सतारको घरहुँदै इसराइल अन्सारीको घरसम्म आर.सि.सि. नाला तथा ढलान सडक, वडा नं. १३ तेजारथ टोलमा सेड, वडा नं. ८ सामुदायिक भवनमा विद्युत वाइरिङ्ग, वडा नं. १२ सहवुदिन अन्सारीको घरदेखि अर्जुन महतोको घरसम्म नाला तथा सडक बनाउनुको साथै वडा नं. २५ भन्सार टोलको छठघाटमा माटो पुरिएको छ ।

वडा नं. १४ बहुअरी सौदागर आएल मिल ४० फि रोड देखि पूर्व बाटो हुंदै धर्मेन्द्र कुमार मिश्राको घरसम्म ग्रेभल, वडा नं. १२ मेन रोडदेखि पूर्व एञ्जल स्कूलसम्म सडक, वडा नं. १५ मा आर्युवेदका पश्चिम उत्तर जाने बाटोमा पंडित ज्यूको घरदेखि अजय सिंहको घरसम्म पक्की नाला, वडा नं. १३ सलावदिनको घर अगाडी सडकमा सडक, नाला, र रिटेनिङ वाल, वडा नं १६ विद्यापति स्कूलदेखि भुटन देवी जाने बाटोसम्म ग्रेभल सडक, वाड नं. १ छपकैयामा ईनार मर्मत, वाड नं. ११ मा नदि नियन्त्रण, वडा नं. १५ मा कृष्ण प्रणमी मंदिर टोलमा सुरेन्द्र यादवको घरदेखि उत्तर विगनी देविको घरसम्म माटो तथा ग्रेभल पुरी सडक बनाईएको छ ।

वडा नं ३ मा प्रगति नगर भोजपुरिया एफ.एम. दक्षिण गुप्ताजीको घरदेखि लाजिना खातुनको घरसम्म आर.सि.सि. नाला तथा सडक ढलान, वाड नं. २ यतीम खाना दरुल यातमा इलमियामा अनाथहरुको लागि एम.एस. वेड निर्माण, वाड नं. ११ मा अवाज एफ.एम.देखि उत्तर आतम देव साहको घरसम्म पक्की नाला तथा बाटो ढलान, वडा नं. १३ नेपाल टेलिकम वाउन्ड्रीवालदेखि दक्षिण हुँदै कब्रस्तान ईन्ट्री गेटसम्म आर.सि.सि. सडक, वाड नं. २ ब्रहम कुमारी राजयोग सेवा केन्द्र नजिक आर.सि.सि. नाला तथा कंक्रिट सडक, वडा नं. ०९ सुरेन्द्र ओझाको घरदेखि विजय जयसवालको घरसम्म आर.सि.सि. नाला तथा सडक, वडा नं. ११ वडा कार्यालयको शौचालय, वडा नं. १६ मा वाईपासदेखि पश्चिम जय दुर्गा हल जाने सडकसम्म आर.सि.सि. सडक मर्मत, वडा नं. ०९ हिमाञ्चल केविन र अर्याल फार्मेसी अगाडि र पानगल्ली वैजुनाथ रौनियारको घरदेखि अगाडि ड्रेन तथा ड्रेन कभर बनाईएको छ । वडा नं. १२ सहविर अन्सारीको घरदेखि महमद सरिफको घरसम्म र जैनुल हवारीको घरदेखि मुस्ताकिम हवारीको घरसम्म अरा.सि.सि. नाला र पि.सि.सि. सडक, वडा नं. २५ भन्सार टोलमा श्रीर्सिया नदी नियन्त्रण, वडा नं. २७ जगरनाथ राउतको घरदेखि हरि प्रसाद यादवको घरसम्म आर.सि.सि.ड्रेन र कर्ल्भट, वडा नं. १० विष्णु साह कानुको घरदेखि पश्चिम हुंदै दिपेश साह कानुको घरसम्म पि.सि.सि. सडक र आर.सि.सि. नाला निर्माण, वडा नं. १० बजरंग टोल सतेन्द्र राउत कुर्मीको घरदेखि अछेलाल साह कानुनको घरसम्म माटो पुरी ग्रेभल सडक , वाड नं. १ ब्रहम बाबा मन्दिर देखि पश्चिम श्रीर्सिया खोला सम्म माटो पुरी ग्रेभल, वाड नं. १५ मा प्रितम सराफको घरदेखि ओम प्रकाशको घरसम्म र किशोर साहको घरदेखि भिखारी साहको घरसम्म पक्कि नाला तथा बाटो ढलान, वडा नं. १२ मा सरोज यादवको घरदेखि गजेन्द्रको घरसम्म सडक, वाड नं. १३ नारायणी क्रिकेट ग्राउण्डको पूर्व पट्टि प्रतिमा चौकको हनुमान मन्दिरको पछाडिबाट वाइपास सम्मको सडक ग्रेभल सडक, वाड नं. ०३ मस्जिद देखि पश्चिम राजु सिंहको घरसम्म कंकृट सडक र नालाको काम भएको छ ।

वाड नं. ८ मा असलाम हवारीको घरदेखि मुस्तफा हवारीको घरसम्म पि.सि.सि. सडक र ड्रेन कभर प्लेटको कार्य, वाड नं. ०३ आर्दश टोल उमेश गुप्ताको घरदेखि श्रेष्ठजी को घरसम्म र प्रमेश्वर जी को घर नजिक सडक ढलान गर्ने, वडा नं. ०८ प्रमेश्वर साहको घरदेखि पूर्व ओम प्रकाश यादवको दक्षिण न्युरो हस्पिटल सम्म आर.सि.सि. नाला, वाड नं. १५ लक्ष्मणवा चौकदेखि पूर्व आर.सि.सि. नाला, कभर र माटो पुरी ग्रेभल, वाड नं. २७ उदयपुर घुर्मी टोलमा सामुदायिक भवन, वडा नं. ३ मा अरबिन्द पाठकको घरदेखि दक्षिण र पूर्व सम्म पक्कि नाला, वडा नं. ३ मा महेन्द्र सराफको घरदेखि उत्तर सुनर रायको घरसम्म पक्कि नाला तथा सडक ढलान, वडा नं. ११ मा वृज किशोरको घरदेखि पूर्व हुदै उत्तर सडकसम्म नाला र सडक, वाड नं. ४ प्रकाश टिवदेवालको घरदेखि सतिश सरावगीको घरसम्म र महेन्द्र मलिको घरदेखि अनिल मिश्राको घरहुँदै राकेशको घरसम्म सडक ढलान तथा नाला बनाउने काम भएको छ ।

वडा नं. ३ मा मेन ड्रेन देखि राजेश आर्यालको घरसम्म आर.सि.सि सडक र रिटेनिङ्ग वाल निर्माण गर्ने कार्य, वाड नं. ०३ निरु कुमारी भगतको घरदेखि दिवाकर प्रसाद चौरसियाको घरहुँदै प्रेम चन्द्र साहको घरबाट उत्तर मिराकल स्कूलसम्म आर.सि.सि. नाला तथा सडक ढलान, वडा नं. २५ भन्सार टोलमा (श्रीसिया नदि साईडमा) माटो पुर्ने, सुगर फ्याक्ट्रीको नर्सरीमा माटो पुरी ग्रेभल, वडा नं. १३ निर्वाचन कार्यालयदेखि अधुरो नालासम्म आर.सि.सि. नाला, वडा नं. ०१ भोला साहको घर नजिक आर.सि.सि. नाला, सोही वडामा भायाको घरदेखि शम्भुजीको घरसम्म कंकृट सडक र

बांकी चौथो पेजमा

नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं

**सामाजिक सुरक्षा परिचयपत्र**
**नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना**




सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले २०७८ सालको श्रावण १ गते देखि कार्तिक मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडामा स्वयं वा संरक्षक/माथवर उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गरौं।
तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन।



**वीरगञ्ज महानगरपालिका**
**नगर कार्यापालिकाको कार्यालय**
**वीरगञ्ज ,पर्सा**

**बीरगञ्ज महानगरपालिका क्षेत्रभित्रका सम्पुर्ण करदाताहरुमा हार्दिक अनुरोध :-**
**"करमा प्राप्त छुटको फाईदा उठाई समयमै कर तिरौं, जरिवानाबाट बचौं"**
**"बीरगञ्ज नगरलाई समृद्ध बनाऔं "**

(१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र बीरगञ्ज महानगरपालिकाको आर्थिक ऐन, २०७८ ले तोके बमोजिमको महानगरपालिकाले प्रत्येक बर्ष लिने मालपोत तथा भूमीकर एवं सम्पतीकर बुझाउनु पर्ने सम्पूर्ण महानगर भित्र बसोबास गर्ने नगरवासी करदाताहरुको दायित्व भएको र महानगरपालिकाले २०७८ साल पुस मसान्त सम्म १० प्रतिशतको छुटको सहुलियत दिएकोले आ(आफ्नो घरजग्गा तथा संरचनाहरुको समयमै मुल्याङकन गराई समयमै कर बुझाउनु हुन अनुरोध गरिन्छ ।

(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र बीरगञ्जमहानगरपालिकाको आर्थिक ऐन, २०७८ ले तोके बमोजिमको महानगरपालिकाले प्रत्येक बर्ष लिने महानगर क्षेत्रभित्र ब्यापार ब्यवसाय गर्ने सम्पूर्ण ब्यवसायीहरुले आ( आफ्नो ब्यवसाय महानगरपालिकामा दर्ता गराई बार्षिक रुपमा ब्यवसाय कर बुझाउनु पर्ने सबै किसिमका ब्यबसायीहरुको दायित्व भएको र महानगरपालिकाले चालु आ।वा।को पुस मसान्त सम्म १० प्रतिशतको छुटको सहुलियत दिएकोले दर्ता हुन बाँकि ब्यवसायीले अनिबार्य रुपले दर्ता गराउनु हुन साथै साबिकमा दर्ता भैसकेका ब्यवसायीहरुले हाल सम्मको कर दाखिला गरी नविकरण गराउनु हुन अनुरोध गरिन्छ ।

(३) स्थानिय सरकार सञ्चालन ऐन,२०७४ र बीरगञ्ज महानगरपालिकाको आर्थिक ऐन,२०७८ ले तोके बमोजिम महानगरपालिका क्षेत्रभित्रका नगरवासी करदाताहरुले आफ्नो स्वामित्वमा रहेको घर तथा जग्गा बहालमा दिने घरजग्गाधनीले बहालबाट प्राप्त रकमको नियमानुसार बहालकर बुझाउनु पर्ने प्रावधान रहेकोले बहालमा दिईएको सम्पतिबाट हुने आयको बिवरण दाखिला गरी बहालकर बुझाउनु हुन सम्पुर्ण करदाताहरुमा अनुरोध गरिन्छ ।

तसर्थ उपर्युक्त शिर्षकहरुको धेरै बर्ष सम्म कर बक्यौता राख्दा जरिवाना समेत थप गरी कर तिर्नु पर्ने हुदाँ बीरगञ्ज महानगरपालिकाले चालु आ।बा।मा लाग्ने करमा माथि उल्लखित मिति सम्म मालपोत ९भूमिकर०, सम्पतीकर एवं ब्यवसायकरमा १० प्रतिशत छुटको ब्यवस्था सहित करदाताहरुलाई कर तिर्न सहजिकरण होस भन्ने हेतुले करदाताहरुकै घरदैलोमा पुगी सम्बन्धित कर स्थलगत नै बुझाउन सक्ने गरी कर असूली टोली खटाईएको हुदाँ खटि आउने टोलीलाई सम्पतिकर, ब्यवसायकर र बहालकर आवश्यक सहयोग गरी कर बुझाई नगरलाई समृद्ध बनाउन सहयोग गर्नु हुन सम्पुर्ण नगरवासी करदाताहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

**वीरगञ्ज महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**आदर्शनगर, वीरगञ्ज ।**



**वीरगञ्ज महानगरपालिका**
**नगर कार्यापालिकाको कार्यालय**
**वीरगञ्ज ,पर्सा**

**बीरगञ्ज महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको महानगर क्षेत्रभित्र रहनु भएका सम्पुर्ण नगरवासी करदाताहरुमा हार्दिक अनुरोध :-**
**"समयमै कर तिरौं, जरिवानाबाट बचौं र बीरगञ्ज नगरलाई समृद्ध बनाऔं "**

वीरगञ्ज महानगरपालिका क्षेत्रभित्र सम्पति भएका सम्पतिधनी, विभिन्न प्रकृतिका व्यवसाय गर्ने व्यवसायीहरुका लागि महानगरपालिकाले चालु आ।वा।मा लाग्ने करमा २०७८ साल पुस मसान्त सम्म १० प्रतिशत छुटको सहुलियत दिने व्यवस्था सहित करदातालाई कर बुझाउन सहजिकरण होस भनी स्थलगत रुपमा कर बुझाउन सक्ने व्यवस्था गरी कर संकलन टोली खटाईएको हुँदा खटी आउने टोलीका कर्मचारीहरुलाई सम्पतिकर, व्यवसायकर एवं बहालकर समयमै कर बुझाई नगरको विकासमा सहयोग गरी दिनु हुन सम्पुर्ण नगरवासी करदाताहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**वीरगञ्ज महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**वीरगञ्ज ,पर्सा**

# युवालाई काम गर्न ठाउँ दिनुपर्छ : नगर प्रमुख सरावगी

वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले युवाको विकास बिना कुनैपनि ठाउँको विकास संभव नभएको बताएका छन् । उनले युवालाई सही बाटोमा राख्नका लागि युवालाई व्यस्त बनाउनुपर्नेमा जोड दिए । वीरगञ्ज(१० मा निर्माण हुन लागेको पशुपति आदर्श क्लब भवनको शनिबार शिलान्यास गर्दै उनले भने ‘ युवालाई अगाडी बढ्न स्थान नदिएसम्म कुनैपनि ठाउँ अघि बढ्न सकिदैन ।’




महानगरको नगरस्तरिय बजेटबाट २५ लाखको लागतमा वीरगञ्ज(१० स्विमिङ पुल छेउमा पशुपति आदर्श क्लब भवन बनाईदैछ । युवालाई दुर्व्यसनीबाट मुक्त बनाउन पशुपति आदर्श क्लबले ठूलो भूमिका निर्वाह गरेका उनले बताए । नगर प्रमुख सरावगीले पशुपति आदर्श क्लबलाई क्लबको रुपमा नभएर महानगरको अंगको रुपमा लिएको धारणा राखे ।

‘पशुपति आदर्श क्लबको ४० वर्षको ईतिहास छ, कहिले महानगरपालिकाको तल जीर्ण भवनमा त कहिले स्वीमिङ पुलमा पठाईन्थ्यो, अब यताबाट उता जा, उताबाट जा भन्ने अवस्थाको अन्त्य भएको छ ।

’ उनले भने ‘ जग्गा र २५ लाख रुपैयाँको सिडमनी राखिएको छ । २५ लाखबाट ४० लाखको काम गरेर देखाउनुस । जग्गा र भवन बेचविखन गर्न पाईदैन, जबसम्म पशुपति आदर्श क्लबको उद्देश्य अनुसार चल्नुहुन्छ, तबसम्म उपभोग गर्न कसैले रोक्न सक्दैन ।’

क्लबका अध्यक्ष संतोष गुप्ताको अध्यक्षतामा शिलान्यास कार्यक्रम आयोजना गरिएको थियो ।

# सुगौली विर्तामा ढलान सडक तथा नालाको शिलान्यास



वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले मंगलबार ढलान सडक तथा नालाको शिलान्यास गरेका छन् ।

उनले नगर स्तरीय बजेटबाट वडा नम्बर २६ सुगौली विर्तामा बन्न लागेको सडक र नाला निर्माण कार्यको शिलान्यास गरेका हुन् । उपभोक्ता समिति मार्फत २९ लाख रुपैयाँको लागतमा सडक ढलान गर्नुको साथै नाला समेत बनाउन लागिएको वडा अध्यक्ष शम्भु मिश्राले जानकारी दिए । कार्यक्रममा स्थानिय राजनीतिक दलका प्रतिनिधि, वडावासीको उल्लेख्य सहभागिता रहेको थियो ।

त्यसैगरी नगर प्रमुख सरावगीले वीरगंज महानगरपालिका वडा नम्बर १ छपकैयामा स्थानिय हिन्दु समुदायको समस्याका बारेमा स्थलगत रुपमा पुगेर छलफल गरेका छन् । कार्यक्रममा वडाका हिन्दु धर्मावलम्वीहरुले हाल भोग्नु परेको समस्याका बारेमा नगर प्रमुखसँग गुनासो गरे । नगर प्रमुख सरावगीले महानगरपालिकाको तर्फबाट गर्न सक्ने सहयोग उपलब्ध गराउने आश्वासन दिएका छन् ।

त्यस्तै वीरगञ्ज महानगर प्रमुख सरावगीद्वारा विभिन्न वडाको स्थलगत निरीक्षण गरेका छन् । वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले ३१ साउन बिहीबार बिहान नगरका विभिन्न वडाहरुको स्थलगत निरीक्षण गरेका छन् । नगर प्रमुख सरावगीले बिहान वडा नं १६, २, ४ र ५ को अनुगमन गर्नु भएको हो । त्यसक्रममा उनले वडा नं १६ र २ को सिमानामा पर्ने लक्ष्मीनारायण मन्दिरको स्तरोन्नती गर्ने आश्वासन दिएका छन् । सोही ठाउँमा पाँच कठ्ठा जमिनमा रहेको पोखरीलाई सौन्दर्यीकरण गर्ने बारेमा पनि छलफल भएको छ । उक्त ठाउँलाई खुल्ला ब्यायम स्थलको रुपमा प्रयोगमा ल्याउन नगरपालिकाबाट बजेट छुट्याएर कार्य सञ्चालन गर्ने नगर प्रमुख सरावगीको प्रतिबद्धता छ ।

वडा नं ५ लाठगल्लीको नाला व्यवस्थित बनाउनेबारेमा पनि छलफल भएको छ । नाला व्यवस्थित गर्न पहिला नै नगर स्तरीय बजेट विनियोजन भईसकेको छ ।

तत्काल नाला मर्मतको काम थाल्न नगर प्रमुख सरावगीले निर्देशन दिएका छन् । व्यवस्थित भईसकेपछि नाला माथिको स्ल्यापमा पार्किङ गर्ने वा ठेलालाई राख्न सकिने उनको भनाई छ ।




## वीरगञ्ज..........

रुकुम केश तेलीको घर निर ग्रेभल सडक बनाईएको छ ।

वडा नं. ३ मा मुकेश आर्यालको घरदेखि अमिर मियाको घरसम्म सडक ढलान, वाड नं. १२ पत्रकार महासंघ पर्सादेखि डा.भोला बच्छारको घरसम्म आर.सि.सि. नाला तथा सडक, वाड नं. ३ आदर्शनगर रगंशालामा मर्मत सम्भार, वाड नं. १६ मा पंवटी चोक ब्रहम चोकदेखि कृष्णको घरसम्म पक्की नाला, वाड नं. ७ इनर वाइपास रोड हुँदै पश्चिम नवल श्रीवास्तवको घरहुँदै मनोज मिश्राको घरभई मेरी गोल्ड स्कूलको जग्गासम्म सडक तथा आर.सि.सि. नाला, वडा नं. १२ मा डा. सागर मान सिंहको घरदेखि एस.पि. कार्यालय सडकसम्म पि.सि.सि. सडक, वडा नं. १० मा पि.सि.सि. र ब्रिक ईनार र असोक बाटिकामा माटो पुरी ग्रेभल सडक बनाईएको छ ।

वडा नं. २५ मा मन्दिर तथा स्नान घर, वडा नं. ४ बिरेन्द्र प्रधानको घरदेखि ठाकुर सोनारको घरसम्म र रतन सोनारको घरदेखि राज भण्डारीको घरसम्म सडक ढलान तथा नाला मर्मत, वडा नं. १० रानीघाटमा कमलकिशोर वर्णवालको घरदेखि पश्चिम राजकुमार वर्णवालको घरसम्म र दक्षिण पश्चिम शम्भु सोनारको घरसम्म कंकृट सडक र आर.सि.सि. नाला, वडा नं. १९ वर्वा टोलको विभिन्न ठाउँमा ग्रेभल, वडा नं. ३ मा बर्कतुन नेशाको घरदेखि दुलारे नविको जमिनसम्म नाला तथा सडर्क, वडा नं. १२ रजत सचदेवाको घरदेखि पवन सिंहको घरसम्म सडक तथा रिटेनिङ्ग वाल निर्माण, वडा नं. ४ श्री तालिम केन्द्र सेदुको विल्डीङ्ग मर्मत तथा सम्भार, वडा नं. २ मा राजेश राणाको घरदेखि मेन कंकृट सडक सम्म कंकृट सडक, वडा न ०४ भरत नेपालको घरदेखि राजेश जैश्वालको घरसम्म नाला, वडा नं. ०१ मेनरोड देखि जगदिश कोइरीको घरसम्म, इनार देखि संजय कोइरीको घरसम्म अनि जय प्रकाशको घरदेखि मन्दिरको बाटो सम्म आर.सि.सि. नाला तथा पि.सि.सि. सडक बनेको छ ।

वडा नं. १० का विभिन्न ठाउँमा पि.सि.सि. सडक, वडा नं. १५ हरियाली बस्तीमा माटो पुरी ग्रेभल सडक, वडा नं. २६ विजय पटेलको घरदेखि सुरेन्द्र प्रसाद कुर्मीको घरसम्म आर.सि.सि. सडक, वडा नं. ८ आर्मी व्यारेकको छेउमा र वि.पि.सि. क्याम्पसको नजिकमा पि.सि.सि. सडक तथा नाला, वडा नं. ९ मा मानव सेवा आश्रमको अगाडी कर्ल्भट माथि फलामको प्लेट लगाईएको छ ।

वडा नं. १३ राधेमाई दिनानाथको घरदेखि मुन्नको घरहुँदै सुरेश साहको घरसम्म र बिर बहादुर यादवको घरसम्म आर.सि.सि. नाला तथा कंकृट सडर्क, वडा नं. १५ भिष्वामा रामनगर चोक भिष्वाको उत्तर पट्टिको सडक तथा आर.सि.सि. नाला, वडा नं. १४ उच्च अदालत र चिनी मिलमा इन्टरलक पेवर्स लगाउने कार्य, वडा नं. ३२ मा ड्राइभर टोलको मन्दिर देखि हिफाजत मियाको घरको कल्भर्टसम्म र रहमान मियाँको घरदेखि रुवैदा खातुनको घरसम्म र हाकीम हुसैनको घरदेखि अब्बास जीको घरसम्म सडक ढलान, वडा नं. १० पनालाल स्कूल जाने सडक तथा नाला, वडा नं. १० घण्टाघर नजिक दक्षिण तर्फ एम.एस. प्लेट, वडा नं. ४ हरिखेतान क्याम्पस चिल्ड्रेन पार्क वडवेर फेन्सीङ्ग तथा शौचालय बनाउने काम भएको छ ।

वडा नं. २७ उदयपुर घुर्मी मखतममा स्टेयर, शौचालय र प्लास्टर, वडा नं. ०६ मिना बजार महाविर मन्दिर मर्मत, वडा नं. ४ भागवती टोल वडा कार्यालयदेखि सपिंग मलसम्म नाला तथा कभर, वडा नं. २७ रामपुर फण्ठी खोला ग्याबियन नजिक माटो पुर्ने, वडा नं. १२ रजत सचदेवाको घरदेखि पवन सिंहको घरसम्म प्लेट तथा सडक, वडा नं. १६ जेठकको घरदेखि सकुर मियाको घरसम्म ग्रेवल सडक, वाड नं. १६ शिवम् टोल मेन रोड देखि भुटन देखि जाने बाटो सम्म आर.सि.सि. नाला, वडा नं. १० गोपाल मण्डली अस्थायी कोभिड अस्पतालमा पार्टेसनको काम भएको छ । जहाँ महानगरपालिकाले अस्थायी कोभिड अस्पताल सञ्चालन गरेको थियो ।

वडा नं. १० रानिघाट बस्ती इनरदेव यादवको घरदेखि दक्षिण मुन्ना सोनारको घरसम्म ग्रेभल तथा पि.सि.सि. सडक, वडा नं. १४ गण्डकमा शालिक मर्मत, नारायणी अस्पतालमा अक्सिजन जेनेरेसन प्लान्टको लागि सेड, वडा नं. १५ मा डिभाईन इस्चियुटको पश्चिम देखि सिद्धार्थ क्याम्पस सम्म पक्कि नाला तथा प्लेट, हरियालि बस्तीमा ग्रेभल र आर.सि.सि. सडक, वडा नं. १० हनुमान गढी टोलमा मन्दिरको लागि आर.सि.सि. विलडिङ्ग, वाड नं. १६ मा मिथिला नगर टोलमा संतोष सापकोटाको घरदेखि सिताराको घरसम्म पक्कि नाला तथा सडक ढलान गरिएको छ । वडा नं. २४ गौशालामा ग्रेभल तथा पि.सि.सि.सडक, वडा नं. २९ बसडिलवा गाउँदेखि मलङ्ग बाबा हुँदै कृषि फर्मसम्म ग्रेभल गर्ने कार्य, वाड नं. २८ मा रामप्रवेशको घरहुँदै गया राउतको घरदेखि रमेश पटेलको घरसम्म आर.सि.सि. सडक तथा आर.सि.सि. नाला, वाड नं. २८ बगही शिव पुजनको घरदेखि शिव नारायणको खेतसम्म ग्रेभल गर्ने, वडा नं. १३ मनोज पेट्रोल पम्पदेखि राधेमाई मन्दिर तथा पश्चिम, वडा नं. १२ तर्फ नेशनल ट्रेडिङ्ग देखि पानी टंकी जाने सडक, वडा नं. २९ र २० मा चार चार कोठे भवन, वडा नं. ६ मदर्सा रिजविया मर्कजी दारुल उलम मदिन मस्जिद अधुरो भवन, वडा नं. १६ गन्निनाथ महावीर मन्दिर देखि विनोद साह कानुको घर हुंदै प्रहरी चौकीसम्म सडक तथा नाला, वडा नं. १५ लक्ष्मणवा गाउँको सडक देवलाल उपाध्यायको घरदेखि पृथ्वी झाको घरहुँदै बृज यादवको घर तथा पूर्व पिच सडकसम्म सडक तथा नाला निर्माण, वाड नं. २८ बगहीको हनुमान मन्दिर देखि उत्तर तर्फ जाने सितुहार टोल (पूर्व) सडक ढलान, वडा नं. २४ रामगढवामा प्रकाश बैठाको घरदेखि दक्षिण कदम रोड (हाइवेय) सम्म सडक ढलान, वडा नं. १४ को बहुवरीमा जकि अहमदको घरदेखि पश्चिम उत्तर तर्फको सडक ढलान, वाड नं. ३१ को बेलवा टोलमा दक्षिण पश्चिमदेखि परवेश अंसारीको घरदेखि र दक्षिण मस्जिदसम्म आर.सि.सि. सडक तथा नाला बनाउने काम महानगरले गरेको छ ।

वीरगञ्ज महानगरका सबै विद्यालय कक्षा कोठा बसाई व्यवस्थापन गर्ने, वाड नं. १५ मा श्री नेपाल राष्ट्रिय आधारभूत भिष्वा खेलमैदानमा माटो पुर्ने कार्य, वडा नं. १६ श्री ने.रा.आ.वि.सुकराज फुलवारी टोलमा स्कूल विल्डिङ्गमा मर्मत सम्भार, वी.म.न.पा. अन्तर्गत सामुदायिक विद्यालयहरुमा खानेपानी तथा शौचालय निर्माण र फोहर मैला व्यवस्थापनका लागि जनचेतना, वीरगञ्जका सामुदायिक विद्यालयहरुमा खानेपानी तथा शौचालय निर्माण र फोहर मैला व्यवस्थापनका लागि जनचेतना, सोलार पि.भि.सि. सिस्टम जडान, वायोग्यास जडान, सुधारिएको चुलो (वायोग्यास) प्रबिधि जडान, बायो ग्यास, बायो मास र सोलर जडान, वडा नं. ८ रेल्वे सडक देखि ३ नं. रोड गणेश मान सिंह चौक हँदै विर्ता मन्दिरसम्मको सडक मर्मत, वडा नं. १ बहि पुल देखि एसटीपीसम्मको सडक मर्मत गरिएको छ ।

वडा नं. ५ वडा कार्यालयदेखि पश्चिम जाने सडक, वडा नं. ८ पानीटंकी देखि बाइपास सडकसम्मको सडक मर्मत, वडा नं. ८ मा मूल सडकदेखि पानीटंकी कार्यालयसम्मको सडक मर्मत, वडा नं. १० घडिअर्वा पोखरी देखि पश्चिम २ नं. गेटदेखि असोक बाटिका हुँदै समसानघाट पुलसम्म पिच सडक मर्मत गर्ने, वडा नं. ३१ इस्लामपुर जाने सडकको स्तरौन्नती गर्ने, वडा नं. १४ बहुअरी अधुरो मुस्लिम समुदायिक लागि विवाह भवन निर्माण गर्ने, वडा नं. १४ सानो पिपराको अधुरो धर्मशाला, वडा नं. २ छपकैया अधुरो धर्मशाला, वाड नं. १५ मा अधुरो श्री सितलामाई मन्दिर निर्माण, वडा नं. ३० लालपर्सा, ( श्रीरामको घरदेखि पश्चिम ब्रहम स्थानसम्म ) सडक ढलान तथा नाला, वडा नं. १५ भेडियाही अधुरो धर्मशाला, वडा न १५ भिस्वाको अधुरो धर्मशाला, वडा नं. १६ इनर्वामा रहेको अधुरो धर्मशाला निर्माण गर्ने कार्य, वाड नं. २ छपकैया श्री संसारी माई मन्दिर मर्मत र प्राङ्गनमा इन्टरलक टायल्स लगाउने कार्य, वाड नं. १४ बहुअरी कल्भर्ट पुल, वडा नं. ३१ सोलखपुरको अधुरो नाच घर र कोनियाको धर्मशाला, वडा नं. २० हरपतगंज समशानघाटा, वडा नं. २२, २३, ३१ र ३२ मा हाई मास लाइट टावरलाइट जडानको काम भएको छ ।

वडा नं १६ नगवा अधुरो विवाह भवन, वडा नं. ८ र ९ को बिचमा शहिदहरुको अधुरो सालिक, वडा नं. २३ प्रसौनी विर्तामा विपन्न वर्गको लागि शौचालय, वडा नं. ११ श्रीपुरको अधुरो धर्मशाला, वडा नं. ११ मा श्रीपुर श्री नेपाल राष्ट्रिय मावि श्रीपुर मुर्ली अधुरो विद्यालय भवन, वाड नं. २१ पटेल नगरमा सडक ढलान तथा नाला, वी.म.न.पा. अन्तर्गत खानेपानीको लागि धारा (चापाकल) जडान, वडा नं. २३ इटियाही (शिव नारायण यादवको घरदेखि पश्चिम दक्षिण दिप नारायण महाराको घरसम्म सडक ढलान तथा नाला, वडा नं. १४ पिपरा, १८ भवानीपुर र २० अपौनीमा अधुरो प्रवेशद्वार, वडा नं. १८ सुखचैना अधुरो धर्मशाला, वडा नं. १२ मुर्ली नयाँ टोल अधुरो मदरसा, वडा नं. १३ राधेमाई अधुरो रामजानकी मन्दिर, वडा नं. १९, वडा नं. १० ( ठाकुर राम क्याम्पस), पर्सागढी नगरपालिका, बढनियार चौक ३, अमोदेवी मन्दिर ४ मा हाई मास लाइट/टावर लाइट जडान, वाड नं. १० अशोक बाटिकामा विद्युतीय शवदाह गृह, वीरगञ्ज महानगरपालिका कार्यालय अन्तर्गत खानेपानी कल (धारा) जडान र नारायणी अस्पतालमा अक्सिजन प्लान्ट जडान गरिएको सहरी पूर्वाधार विकास महाशाखाले जनाएको छ ।